"हामी सवैको रहर, सफा, सुन्दर, सुरक्षित र सक्षम विराटनगर"

# विराटनगर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

विराटनगर, मोरङ
प्रदेश नं.१, नेपाल

फ्याक्स :९७७-२१-५२५४५२
फोन :९७७-२१-५१३०९५

प.सं.: (वातावरण तथा विपद्)
च.नं.

(विशेष परिस्थिति)

(विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय विराटनगर मोरङ प्रदेश नं. १, नेपाल)

मिति: २०७९।०७।१२

श्री सगरमाथा मल्टि सर्भिस प्रा.लि.
काठमाण्डौ, नेपाल

विषय: सम्झौता कार्यान्वयन नगरेकोमा स्पष्टीकरण पेश गर्ने सम्वन्धमा ।

प्रस्तुत विषयमा विराटनगर महानगरपालिका र त्यस साझेदार संस्थाबीच मिति २०७८।०७।०७ मा सम्झौता गरी नगरको दक्षिणी क्षेत्र(वडा नं.१२,१३,१४,१५,१६,१७ र १८)को फोहोरमैला व्यवस्थापनको जिम्मेवारी ५ वर्षका लागि दिईएकोमा सम्झौता बमोजिमका शर्तनामा पालना गरि प्रभावकारी फोहोरमैला व्यवस्थापन गर्न कार्यालयको तर्फबाट नियमित अनुगमन निरीक्षण सहित सुझाव उपलव्ध गराईएको, मिति २०७९।०२।११ र मिति २०७९।०५।१४ गते नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, साझेदार संस्थाका अध्यक्ष तथा प्रतिनिधि लगायतको उपस्थितिमा बैठक बसी कार्यतालिका बमोजिम स्वीपिगं, सडक तथा नाला सफाई, स्वीकृत दररेटमा शुल्क संकलन गर्ने निर्णय समेत गरिएको साथै मिति २०७९।०३।२७ गते कार्य प्रणालीलाई सुधार गर्न पत्राचार समेत गरिएको जानकारी गराईन्छ ।

उपरोक्त बमोजिम पटक पटक छलफल, बैठक, पत्राचार, अनुगमनका सुझावका वावजुद पनि साझेदार संस्था सगरमाथा मल्टि सर्भिस प्रा.लि.ले निर्णय गर्ने तर्फ ध्यान केन्द्रित नगरी हेल्चेक्र्याईपुर्वक सरसफाईलाई अत्यन्तै जटिल अवस्थामा पुर्‍याएकोले श्रीमान् प्रमुख ज्यु, उपप्रमुख ज्युबाट कारवाही प्रक्रिया अगाडि बढाउने आदेश बमोजिम तपाई साझेदार संस्थालाई कालोसुचीमा किन नराख्ने र सम्झौताको शर्त च(१) बमोजिम करार भंग गर्ने प्रक्रिया किन अघि नबढाउने बारेमा सात(७) दिनभित्र स्पष्टीकरण पेश गर्न जानकारी गराईन्छ ।

संलग्न:

१. मिति २०७९।०२।११ को निर्णय प्रतिलिपि
२. मिति २०७९।०५।१४ को निर्णय प्रतिलिपि
३ मिति २०७९।०३।२७ गतेको प्रत्राचारको प्रतिलिपि
४. कारवाही प्रक्रिया अघि बढाउने आदेशको प्रतिलिपि

२०७९/०७/१२

.............................
(विष्णुप्रसाद कोइराला)
प्रमुख प्रशासकीय अधिकृत

CamScanner